धनगढीमाई नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

धनगढी, सिरहा

२ न. प्रदेश, नेपाल

# शिलबन्दी बोलपत्र सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति २०७४।१२।२८**

यस कार्यालय अन्तर्गत चालु आ.व. मा निम्न कार्यहरु ठेक्काबाट गराउनु पर्ने भएकोले नेपाल सरकार बाट ईजाजत पत्र प्राप्त फर्म तथा निर्माण व्यवसायीहरुबाट निम्न शर्तहरुको अधिनमा रही रित पुर्वकको शीलबन्दी बोलपत्र आहवान गरिन्छ ।

१. बोलपत्र सम्बन्धी कागजातहरु यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० औ दिनभित्र चालु आ.ब.को लागी नविकरण भएको ईजाजत-पत्र, आयकरको स्थायी लेखा दर्ता प्रमाण-पत्र, मुल्य अभिबृद्धि दर्ता प्रमाण-पत्रको र गत आ.व.को कर चुक्ता प्रमाण-पत्र प्रमाणित प्रतिलिपी संलग्न राखी निवेदन दिई तल उल्लेखित दस्तुर तिरी यस कार्यालय बाट यसै सूचनामा तोकिएको समय भित्र खरिद गर्न सकिनेछ ।

२. खरिद भएको बोलपत्र यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३१औं दिनको १२:०० बजे भित्र कार्यालयको नाममा सम्बोधन गरी ठेक्का न., कामको विवरण, बोलपत्र दाताको नाम र ठेगाना स्पष्ट खुलाई सहिछाप र फर्मको छाप लगायत शीलबन्दी लाहा छाप गरी यस कार्यालयमा मात्र दर्ता गराउनुपर्ने छ

३. दर्ता भएको बोलपत्र दाखिला गर्ने अन्तिम दिन ३१ औं दिनको ३:०० बजे बोलपत्र दाता वा निजको प्रतिनिधि र कार्यालयको प्रतिनिधिको रोहबरमा यस कार्यालयमा खोलिने छ । बोलपत्र दाता वा निजको प्रतिनिधिको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

४. बोलपत्र खरिद गर्ने, दाखिला गर्ने एवं खोलिने अन्तिम दिन सार्वजानिक विदा परेमा उक्त कार्यहरु विदाको लगत्तै पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

५. बोलपत्र साथ धरौटी बापत आफुले कबुल गरेको कबुल रकमको २.५% रकम यस कार्यालयको रा.वा.बैंक लहानमा रहेको धरौटी खाता न.२२६०३०३००७१०२मा नगद जम्मा गरेको सक्कलै बैंक भौचर वा बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तीमा १२० दिन म्याद भएको नेपाल सरकारबाट मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी भएको सक्कलै विडवण्ड (बैंक ग्यारेन्टी) पेश गर्नुपर्ने छ । फाईनान्स कम्पनीबाट जारी भएको विडवण्डलाई मान्यता दिईनेछैन ।

६. बोलपत्र स्वीकृत भएपछि ठेक्का सम्झौता गर्दा ठेक्का अंकको ५% ले हुने रकम यस कार्यालयको रा.बा.बैंक लहानमा रहेको धरौटी खाता न. २२६०३०३००७१०२ धरौटीमा नगद जम्मा गरको सक्कलै बैंक भौचर वा घट्टीमा एक वर्ष म्याद भएको नेपाल सरकारबाट मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी भएको बैंक ग्यारेन्टी (परफमेन्स वण्ड) पेश गर्नुपर्ने छ । नगद जमानत राखेकोमा पछि बैंक ग्यारेन्टीमा परिवर्तन गर्न पाइने छैन ।

७. बोलपत्रमा मुल्य अभिबृद्धि कर बाहेकको दर रेट उल्लेख गर्नुपर्ने छ ।

८. बोलपत्रमा आइटमवाईज दर अंक र अक्षर दुबैमा स्पष्ट लेख्नुपर्ने छ । अंक र अक्षर बीच फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईने छ । केरमेट भएको ठाँउमा बोलपत्रमा दाताको सही भएको हुनु पर्नेछ ।

९. म्याद नाघी आएको रित नपुगेको र शर्त राखिएको बोलपत्र उपर कुनै कारबाही गरिनेछैन ।

१०. एक फर्मको नाममा खरिद गरिएको बोलपत्र फारम अर्को व्यक्ति वा फर्मको नाममा दाखिला गर्न पाईने छैन ।

११. अलग-अलग ठेक्काको अलग-अलग टेन्डर फारम अलग-अलग खाममा खामबन्दी गरी ठेक्का न., कामको विवरण, बोलपत्र दाताको नाम राखी शीलबन्दी बोलपत्र पेश गर्नुपर्ने छ । तर एउटै खाममा एक भन्दा बढी शीलबन्दी बोलपत्र दाखिला भएमा सो शीलबन्दी बोलपत्रलाई मान्यता दिईने छैन ।

१२. **धनगढीमाई नगरपा लकाको** हितलाई ध्यानमा राखि बोलपत्र स्वीकृत गर्ने, आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ ।

१३. बोलपत्र दाताले गरिने कार्यको कार्य तालिका बनाई सम्झौता गर्ने समयमा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

१४. माथि उल्लेखित कार्यालयबाट सम्वन्धित व्यक्ति वा फर्मको नामबाट विक्रि भएको बोलपत्र फारम भरि नआएको, शीलबन्दी भई नआएको, म्यादभित्र दाखिला भई नआएको र बोलपत्र फारमको प्रत्येक पानामा बोलपत्र दिनेको सहिछाप भइ नआएमा सो बोलपत्रले मान्यता पाउने छैन ।

१५. सूचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजानीक खरीद ऐन २०६३, नियमावली २०६४ बमोजिम हुनेछ ।

१६. शीलबन्दी बोलपत्र को मान्य अवधि २०७५ असार मसान्त सम्मको हुनेछ ।

१७. यस सूचनामा उल्लेख भएको कार्यहरु चालु आ.व मा सम्पन्न गरी सक्नु पर्ने छ ।

**क. कार्यक्रमको नाम :- भौतिक पूर्वाधार निर्माण**

| सि. न. | ठेक्का न. | कार्यको विवरण | संचालन हुने स्थान | धरौटी रकम | बोलपत्र दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | DH-Mun.-02-074-075 | कालो-पत्रे सडक निर्माण | ध.न.पा.वार्ड न.-१ (मेदनिपुर सडक) | ४४०००.०० | १०००.०० | |
| २ | DH-Mun.-03-074-075 | कालो-पत्रे सडक निर्माण | ध.न.पा.वार्ड न.-२(भवानिपुर सडक) | ४४०००.०० | १०००.०० | |
| ३ | DH-Mun.-04-074-075 | कालो-पत्रे सडक निर्माण | ध.न.पा.वार्ड न.-४ (जयपुर सडक) | ६५५००.०० | १०००.०० | |
| ४ | DH-Mun.-05-074-075 | कालो-पत्रे सडक निर्माण | ध.न.पा.वार्ड न.-५ (तिनकोनी सडक) | ६५५००.०० | १०००.०० | |
| ५ | DH-Mun.-06-074-075 | कालो-पत्रे सडक निर्माण | ध.न.पा.वार्ड न.-६ (बसंतपुर सडक) | ४४०००.०० | १०००.०० | |
| ६ | DH-Mun.-07-074-075 | कालो-पत्रे सडक निर्माण | ध.न.पा.वार्ड न.-७ (फुलकाहा सडक) | ४४०००.०० | १०००.०० | |
| ७ | DH-Mun.-08-074-075 | कालो-पत्रे सडक निर्माण | ध.न.पा.वार्ड न.-८ (चियाबारी सडक) | ४४०००.०० | १०००.०० | |
| ८ | DH-Mun.-09-074-075 | कालो-पत्रे सडक निर्माण | ध.न.पा.वार्ड न.-९ (मुसहर्निया दक्षिण सडक) | ६५५००.०० | १०००.०० | |
| ९ | DH-Mun.-10-074-075 | कालो-पत्रे सडक निर्माण | ध.न.पा.वार्ड न.-११ (नयनपुर सडक) | ४४०००.०० | १०००.०० | |
| १० | DH-Mun.-11-074-075 | कालो-पत्रे सडक निर्माण | ध.न.पा.वार्ड न.-१२ (ठठिया सडक) | ४४०००.०० | १०००.०० | |

धनगढीमाई नगरपालिका

नगर कार्यपालिकाको कार्यालय, धनगढी, सिरहा